# सिलीचोङ गाउँपालिका

# यातायातसम्बन्धी समस्या समाधान गर्न

# गठित कार्यदल-२०८०

# सिलीचोङ गाउँपालिका

## यातायातसम्बन्धी समस्या समाधान गर्न गठित कार्यदल

मिति: २०८०/१०/०७

श्रीमान् अध्यक्ष ज्यू,

सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

ताम्कु, संखुवासभा ।

**विषय:** प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यातायातसम्बन्धी समस्या समाधान गर्न २०८० पौष २२ गते बसेको वृहत अन्तरकृयात्मक कार्यक्रमबाट गठन भएको कार्यदलले तोकिएको समय अवधिभित्रमा अध्ययन, खोज तथा भेला राखि प्रतिवेदन तयार गरि उक्त प्रतिवेदन यसै पत्रासाथ संलग्न राखि पेश गरिएको छ ।

संयोगान्त कुलुङ
संयोजक

दर्ता:
१०/८

सिलिचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं. ११८६
दर्ता मिति २०८०/१०/०८

# सिलीचोङ गाउँपालिका

## यातायातसम्बन्धी समस्या समाधान कार्यदल

## प्रतिवेदन-२०८०

**पृष्ठभुमीः**

संखुवासभा जिल्लाको पश्चिमोत्तर साविक सिसुवाखोला, बाला, माङ्तेवा,ताम्कु र याफु गाउँ विकास समितिहरुको संयोजन भई कोशी प्रदेश अन्तर्गतका स्थानीय तहहरु मध्ये एक हो सिलीचोङ गाउँपालिका । भौगोलिक रुपमा विकट भएतापनि सामाजिक, साँस्कृतिक र प्राकृतिक रुपले भरिपूर्ण यस गाउँपालिका वातावारणीय दृष्टिकोणले बसोबासको लागि उत्कृष्ट रहेको छ । यस छेत्रमा पर्ने रमणीय सिलीचोङ हिमालको नामबाट यस गाउँपालिकाको नाम सिलीचोङ रहन गएको हो ।

सिलीचोङ गाउँपालिका क्षेत्रमा संघीयतापछि विकास निर्माणले तिव्र गति लिएको छ । यस क्षेत्रको विकासमा भएका विविध परिवर्तन संगै सडक निर्माणले पनि तिव्रता पाएको छ। गाउँपालिकाको सबै वडा कार्यालयहरुसंगै विभिन्न भुभागमा सडक पुगिसकेको अवस्था छ । सडक विकाससंगै यातायात सेवाबाट यहाँका स्थानीयहरु लभान्वित भएका छन् । सडक विकासले ल्याएको सेवामा स्थानीय तहको अनुगमन तथा नियमन आवश्यक छ । तसर्थ यहाँको यातायात सेवा, भाडादर लगायतका विषयमा गाउँपालिकाले नयाँ अभियानको प्रारम्भ गरेको हो ।

२०८० पौष २२ गते गाउँपालिकाले आयोजना गरेको वृहत अन्तरकृयात्मक भेलाले यस विषयमा विविध कारणबस निकास पाउन सकेन तर एक कार्यदल निर्माण गरि आवश्यक कार्यवाही अगाडी बढाउने बाटो खुला गरेको थियो। त्यस भेलाबाट निर्मित ९ सदस्यीय कार्यदलले आफ्नो काम प्रारम्भ गरेको थियो । संयोगान्त कुलुङको संयोजकत्वमा बनेको समितिमा जितेन राई, कृष्ण कार्की, खेमराज राई, अरुण संगम राई, उमेश चाम्लिङ, देवीकुमारी राई, खेवाहाङ मेवाहाङ सदस्य रहने गरि र गाउँपालिकामा कार्यरत रमेश चाम्लिङ सदस्यसचिव रहने गरि भेलाले कार्यदल गठन गरेको थियो ।

विशेष गरि यहाँका सवारी साधनहरुको भाडादरका सन्दर्भमा उठेको बहसलाई निकास दिने गरि कार्यदल गठन भयो। यो संगै चुनौति, समस्या र समाधानका विकल्पहरु खेज्ने जिम्मेवारीका साथ कार्यदल सरिक भएको भयो । १५ दिने समयअवधि तोकेर आवश्यक विषयबस्तुसहितको प्रतिवेदन पेश गर्न कार्यदल तयार भयो । कार्यदलले विभिन्न क्षेत्रमा रहेका सिलीचोङबासीहरुबाट आवश्यक सुझाव संकलन गर्ने, व्यसायीहरुसंग छलफल गरि वैज्ञानिक रुपले भाडादर कायम गरिनुका साथै जसको कार्यन्वयनको लागि सम्बन्धित निकायहरुमा सुझाव पेश गर्नु अतियुक्ति ठानेर काम अगाडी बढाईएको हो ।

**कार्यदलका उद्देश्यहरुः**

- गाउँपालिकाको विभिन्न रुटको भाडादरका विषयमा अध्ययन गर्न ।
- सवारी व्यवस्थापनसम्बन्धी सुझाव संकलन गरि स्थानीय तहलाई गम्भीर बनाउन ।
- सवारी व्यवासाय र नागरिकबीच पारस्परिक सम्बन्ध कायम राख्न ।

- सवारी सुविधासंगै हुने समस्याहरुको पहिचान र समाधनका उपायहरुको खोजी ।
- अवैज्ञानिक रुपमा वृद्धि भएको भाडाको न्योचित भाडादर कायम गरि सुझाव पेश गर्न ।

कार्य प्रकृया:

- स्थानीय नागरिकहरुको सुझाव तथा माग संकलनका लागि फारम विकास गरि वडागत रुपमा कार्यदलका सदस्यहरुमार्फत प्रतिवडा २० जनाका दरले सर्भेक्षण गरियो ।
- यातायात व्यवसायी, सवारीधनी लगायतसंग संयुक्त भेला बसी हालको भाडादर, घटाउन सकिने भाडादर तथा गाउँपालिकालाई आवश्यक सुझावका सन्दर्भमा निष्कर्षमा पुगी निर्णय गरियो ।
- कार्यदलका सदस्यहरु भेलाबसी प्राप्त सुझावहरुको टिपोट, भाडादरका विषयमा गायँपालिकालाई राय सहित प्रतिवेदन तयारी गरियो ।

## हलुका सवारी सञ्चालनको हालको भाडादरको अवस्था

सिलीचोङ गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेको जिप गाडी अर्थात हलुका सवारी साधनका सन्दर्भमा सर्भेक्षणबाट प्राप्त सुझावका आधारमा भाडादर तपशिल बमोजिम रहेको विवरण प्राप्त भयो

| क्र.स. | हलुका सवारी सधान रुट | दुरी | हालको भाडादर (रु.मा) | |
|---|---|---|---|---|
| १ | बुम्लिङटारदेखि बुधबारे | १० कि.मी. | ३५० | |
| २ | बुम्लिङटारदेखि ताम्कु | १७ कि.मी. | ७०० | |
| ३ | बुम्लिङटारदेखि चटेक्मा | १५ कि.मी. | ५५० | |
| ४ | बुम्लिङटारदेखि मांतेवा वडा | १४ कि.मी. | ६०० | |
| ५ | बुम्लिङटारदेखि जीवनज्योति मा.वि. | १७ कि.मी. | ७०० | |
| ६ | बुम्लिङटारदेखि याफु | २० कि.मी. | ९०० | |
| ७ | बुधबारेदेखि २ नं. वडा कार्यालय | ७ कि.मी. | ३५० | |
| ८ | बुधबारेदेखि ताम्कु | ७ कि.मी. | ३५० | |
| ९ | बुधबारेदेखि दाङ्खिला | १६ कि.मी. | ५०० | |
| १० | बुधबारेदेखि डाँडागाउँ | १० कि.मी. | ३५० | |
| ११ | बुधबारेदेखि तेयुङ | ६ कि.मी. | २५० | |
| १२ | ताम्कुदेखि लकुवा | २.५ कि.मी. | १५० | |
| १३ | ताम्कुदेखि खोङ्लुवाखोला | ४ कि.मी. | २०० | |
| १४ | ताम्कुदेखि नागिटार | ६ कि.मी. | १५० | |
| १५ | ताम्कुदेखि गोफाडाँडा | ८ कि.मी. | २५० | |
| १६ | बुम्लिङटारदेखि बेन्छोङ | १७ कि.मी. | ८०० | |
| १७ | ताम्कुदेखि याफु | १० कि.मी. | ६०० | |
| १८ | बुम्लिङटारदेखि सोमबारेडाँडा | १४ कि.मी. | ६०० | |

**हलुका सवारीका भाडादर घटाउने सन्दर्भमा सवारीधनी तथा सवारी चालकहरुबाट प्राप्त प्रतिवद्धता**

सिलीचोङ गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेको जिप गाडी अर्थात हलुका सवारी साधनका सन्दर्भमा व्यवसायीहरुसंग साल्पासिलीछो गाउँपालिका वडा नं. १ स्थित बुम्लिङटारमा गरिएको भेलाबाट घटाउन सकिने भाडादरु तपशिल बमोजिमको विवरण प्राप्त भयो ।

| क्र.स. | हलुका सवारी सधान रुट | दुरी | हालको भाडादर ( रु.मा) | सवारीधनीले घटाउन सक्ने (रु.मा) |
|---|---|---|---|---|
| १ | बुम्लिङटारदेखि बुधबारे | १० कि.मी. | ३५० | ३५० |
| २ | बुम्लिङटारदेखि ताम्कु | १७ कि.मी. | ७०० | ६५० |
| ३ | बुम्लिङटारदेखि चटेक्मा | १५ कि.मी. | ५५० | ५०० |
| ४ | बुम्लिङटारदेखि मांतेवा वडा | १४ कि.मी. | ६०० | ६०० |
| ५ | बुम्लिङटारदेखि जीवनज्योति मा.वि. | १७ कि.मी. | ७०० | ६५० |
| ६ | बुम्लिङटारदेखि याफु | २० कि.मी. | ९०० | ८५० |
| ७ | बुधबारेदेखि २ नं. वडा कार्यालय | ७ कि.मी. | ३५० | ३०० |
| ८ | बुधबारेदेखि ताम्कु | ७ कि.मी. | ३५० | ३०० |
| ९ | बुधबारेदेखि दाङ्खिला | १६ कि.मी. | ५०० | ४५० |
| १० | बुधबारेदेखि डाँडागाउँ | १० कि.मी. | ३५० | ३०० |
| ११ | बुधबारेदेखि तेयुङ | ६ कि.मी. | २५० | २०० |
| १२ | ताम्कुदेखि लकुवा | २.५ कि.मी. | १५० | १५० |
| १३ | ताम्कुदेखि खोङ्लुवाखोला | ४ कि.मी. | २०० | २०० |
| १४ | ताम्कुदेखि नागिटार | ६ कि.मी. | १५० | १०० |
| १५ | ताम्कुदेखि गोफाडाँडा | ८ कि.मी. | २५० | २०० |
| १६ | बुम्लिङटारदेखि बेन्छोङ | १७ कि.मी. | ८०० | ८०० |
| १७ | ताम्कुदेखि याफु | १० कि.मी. | ६०० | ६०० |
| १८ | बुम्लिङटारदेखि सोमबारेडाँडा | १४ कि.मी. | ६०० | ५५० |

२०८० माघ ४ गते यातायात व्यवसायीहरुसंग बसिएको भेलामा व्यसायीहरुबाट गाउँपालिकालाई गरिएको गुनासो तथा सुझावहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**सुझावहरुः**

- नियमित बाटो मर्मत गरि सहज सडक निर्माणमा ध्यान दिनुपर्ने ।
- समयमा नै सबै क्षेत्रमा सवारी साधन सञ्चालनको लागि काठेपुल तथा पक्की पुल निर्माण गर्नुपर्ने ।
- समय समयमा भेला राखि सवारी नियम तथा ट्राफिक व्यवस्थापनमा समेत ध्यान दिनु पर्ने ।
- गाउँगाउँका स्थानीय उत्पादनहरुको विकास गरि गाडी खाली फर्किनु नपर्ने वातावरण मिलाईनु पर्ने ।

- इन्धनको व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रमा नै पम्पको व्यवस्थापन गर्न प्रोत्साहित गर्ने खालको कार्यक्रम ल्याउनु पर्ने ।
- गाउँपालिका क्षेत्रमा सवारी मर्मत केन्द्र स्थापना गर्न प्रोत्साहन दिने खालका कार्यक्रम तथा निती निर्माण गरि व्यवस्थापन गरिनुपर्ने ।
- हाल कम्तिमा बुधबारे बजार क्षेत्र (शिसुवाटार) र ताम्कु गाउँपालिका क्षेत्रमा काउण्टरको व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तथा निती बनाईनुपर्ने ।

**हलुका सवारीका भाडादर घटाउने सन्दर्भमा स्थानीय सिलीचोङबासीहरुबाट भएका माग भाडादर**

सिलीचोङ गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेको जिप गाडी अर्थात हलुका सवारी साधनका सन्दर्भमा यस कार्यदलले सर्भेक्षण फारम विकास गरि ५ वटै वडामा १०० वटा फारम पठाई संकलन गरिएको फारमका आधारमा प्राप्त भाडादर माग तपशिल बमोजिम रहेको छ ।

| क्र.स. | हलुका सवारी सधान रुट | दुरी | हालको भाडादर ( रु.मा) | सवारीधनीले घटाउन सक्ने (रु.मा) | स्थानीय नागरिकहरुबाट प्राप्त माग भाडादर |
|---|---|---|---|---|---|
| १ | बुम्लिङटारदेखि बुधबारे | १० कि.मी. | ३५० | ३५० | २५० |
| २ | बुम्लिङटारदेखि ताम्कु | १७ कि.मी. | ७०० | ६५० | ४०० |
| ३ | बुम्लिङटारदेखि चटेक्मा | १५ कि.मी. | ५५० | ५०० | ३५० |
| ४ | बुम्लिङटारदेखि मांतेवा वडा | १४ कि.मी. | ६०० | ६०० | ४०० |
| ५ | बुम्लिङटारदेखि जीवनज्योति मा.वि. | १७ कि.मी. | ७०० | ६५० | ४५० |
| ६ | बुम्लिङटारदेखि याफु | २० कि.मी. | ९०० | ८५० | ७०० |
| ७ | बुधबारेदेखि २ नं. वडा कार्यालय | ७ कि.मी. | ३५० | ३०० | २५० |
| ८ | बुधबारेदेखि ताम्कु | ७ कि.मी. | ३५० | ३०० | २०० |
| ९ | बुधबारेदेखि दाङ्खिला | १६ कि.मी. | ५०० | ४५० | ३०० |
| १० | बुधबारेदेखि डाँडागाउँ | १० कि.मी. | ३५० | ३०० | २०० |
| ११ | बुधबारेदेखि तेयुङ | ६ कि.मी. | २५० | २०० | १०० |
| १२ | ताम्कुदेखि लकुवा | २.५ कि.मी. | १५० | १५० | १०० |
| १३ | ताम्कुदेखि खोङ्लुवाखोला | ४ कि.मी. | २०० | २०० | १५० |
| १४ | ताम्कुदेखि नागिटार | ६ कि.मी. | १५० | १०० | १०० |
| १५ | ताम्कुदेखि गोफाडाँडा | ८ कि.मी. | २५० | २०० | १०० |
| १६ | बुम्लिङटारदेखि बेन्छोङ | १७ कि.मी. | ८०० | ८०० | ४०० |
| १७ | ताम्कुदेखि याफु | १० कि.मी. | ६०० | ६०० | ४५० |
| १८ | बुम्लिङटारदेखि सोमबारेडाँडा | १४ कि.मी. | ६०० | ५५० | ४०० |

कार्यदलले तयार गरि फारम मार्फत आम सिलीचोङबासीहरुबाट संकलन गरिएको सर्भेक्षणमा लेखि पठाएको गुनासो तथा सुझावहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ ।

सुझावहरु:

- भाडादर महँगो भएको घटाई न्योचित भाडादर कायम गरिदिन हुन ।
- काउण्टरको स्थायी व्यवस्थापन गरि समय र स्थान तोकी सवारी साधन सञ्चालन गर्ने प्रवन्ध मिलाई दिन हुन ।
- सडक व्यवस्थापन गर्न गाउँपालिकाको भ्याकुलोडरले नियमित काम गर्न र आवश्यक कार्यक्रमहरु तयार गरि कार्यन्वय गर्न अभिप्रेरित गरिदिन हुन ।

**हलुका सवारीका भाडादर घटाउने सन्दर्भमा सावरी धनी र स्थानीय सिलीचोङबासीहरुबाट भएका माग भाडादर र कार्यदलको छलफल तथा अध्ययनबाट प्राप्त निष्कर्षमा हुनुपर्ने भाडादर**

सिलीचोङ गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेको जिप गाडी अर्थात हलुका सवारी साधनका सन्दर्भमा यस कार्यदलले सर्भेक्षण फारम विकास गरि ५ वटै वडामा १०० वटा फारम पठाई संकलन गरिएको फारमका आधारमा प्राप्त माग भाडादर, स्थानीय सवारी धनीहरुको प्रतिवद्धतालाई अध्ययन गर्दा कार्यदलको तर्फबाट गाउँपालिकामा तपशिल बमोजिमको भाडादर सिफारिस गरिएको छ ।

| क्र.स. | हलुका सवारी सधान रुट | दुरी | हालको भाडादर ( रु.मा) | सवारीधनीले घटाउन सक्ने ( रु.मा) | स्थानीय नागरिकहरुबाट प्राप्त माग भाडादर | कार्यदलको सुझाव |
|---|---|---|---|---|---|---|
| १ | बुम्लिङटारदेखि बुधबारे | १० कि.मी. | ३५० | ३५० | २५० | ३०० |
| २ | बुम्लिङटारदेखि ताम्कु | १७ कि.मी. | ७०० | ६५० | ४०० | ५०० |
| ३ | बुम्लिङटारदेखि चटेक्मा | १५ कि.मी. | ५५० | ५०० | ३५० | ४०० |
| ४ | बुम्लिङटारदेखि मांतेवा वडा | १४ कि.मी. | ६०० | ६०० | ४०० | ४७५ |
| ५ | बुम्लिङटारदेखि जीवनज्योति मा.वि. | १७ कि.मी. | ७०० | ६५० | ४५० | ५०० |
| ६ | बुम्लिङटारदेखि याफु | २० कि.मी. | ९०० | ८५० | ७०० | ७५० |
| ७ | बुधबारेदेखि २ नं. वडा कार्यालय | ७ कि.मी. | ३५० | ३०० | २०० | २०० |
| ८ | बुधबारेदेखि ताम्कु | ७ कि.मी. | ३५० | ३०० | २०० | २५० |
| ९ | बुधबारेदेखि दाङ्खिला | १६ कि.मी. | ५०० | ४५० | ३०० | ३७५ |
| १० | बुधबारेदेखि डाँडागाउँ | १० कि.मी. | ३५० | ३०० | २०० | २५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | बुधबारेदेखि तेयुङ | ६ कि.मी. | २५० | २०० | १०० | १७५ |
| १२ | ताम्कुदेखि लकुवा | २.५ कि.मी. | १५० | १५० | १०० | १२५ |
| १३ | ताम्कुदेखि खोङ्लुवाखोला | ४ कि.मी. | २०० | २०० | १५० | १७५ |
| १४ | ताम्कुदेखि नागिटार | ६ कि.मी. | १५० | १०० | १०० | १०० |
| १५ | ताम्कुदेखि गोफाडाँडा | ८ कि.मी. | २५० | २०० | १०० | १५० |
| १६ | बुम्लिङटारदेखि बेन्छोङ | १८ कि.मी. | ८०० | ८०० | ४०० | ६०० |
| १७ | ताम्कुदेखि याफु | १० कि.मी. | ६०० | ६०० | ४५० | ४५० |
| १८ | बुम्लिङटारदेखि सोमबारेडाँडा | १४ कि.मी. | ६०० | ५५० | ४०० | ४५० |

**ढुवानी सेवा (ट्र्याक्टर) का सन्दर्भमा गरिएका अध्ययन:**

सिलीचोङ गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेको ढुवानी सेवा (ट्र्याक्टर) सेवामा भएका भाडादरका सम्बन्धमा कार्यदलको अध्ययनबाट प्राप्त विवरण तपशिल बमोजिम पाईयो ।

| क्र.स. | हलुका सवारी सधान रुट | दुरी | हालको भाडादर प्रतिकिलो ( रु.मा) | सवारीधनीले प्रतिकिलो ( रु.मा) | स्थानीय नागरिकहरुबाट प्राप्त माग भाडादर | कार्यदलको सुझाव प्रतिकिलो (रु.मा) |
|---|---|---|---|---|---|---|
| १ | बुम्लिङटारदेखि बुधबारे | १० कि.मी. | ३ | २.५ | २ | २.५ |
| २ | बुम्लिङटारदेखि ताम्कु | १७ कि.मी. | ४ | ४ | ३ | ३.५ |
| ३ | बुम्लिङटारदेखि चटेक्मा | १५ कि.मी. | ४ | ३.५ | ३ | ३ |
| १६ | बुम्लिङटारदेखि बेन्छोङ | १७ कि.मी | ३ | ३ | २.५ | २.५ |
| १७ | खाँदबारी देखि बुम्लिङटार (सतिघाट फेरी हुँदै) | ३५ कि.मी. | ७ | ६ | ५ | ५ |

**सिलीचोङ गाउँपालिका भित्रका यातायात सवारी व्यवसाय क्षेत्रका दुर्वल पक्षहरुः**

- केही मान्छे बोक्ने गरेको सवारी साधनहरु रातो नम्बर प्लेटको पनि भएको ।
- केही सवारी साधानहरुमा प्राविधिक जाँचमा कमजोरी देखिएको ।
- केही सवारी चालकहरुको सवारी चालक अनुमति पत्र (लाईसेन्स) नभएको ।
- केही सवारी साधन दर्ता प्रमाण पत्र (ब्लु बुक) नविकरण नभएको ।
- भाडादर बढि हुनुमा दोहोरो सेवाग्राही नहुनु, सडक असहजता, इन्धन बोकेर ल्याउनुपर्ने, सवारी मर्मतका लागि मिस्त्री तथा सामाग्रीमा ठुलो खर्च व्यहोर्नुपर्ने, बर्षाको समयमा सवारी साधन नचल्ने लगायतमा समस्या देखियो ।
- ढुवानी सेवाका सन्दर्भमा पुल नहुनु । लामो दुरी पार गरेर आउनुपर्ने । फेरी तथा अन्य स्थानीय तहमा समेत कर बुझाई ढुवानी गर्नुपर्ने ।
- सवारी साधन उपलब्ध हुने समय र स्थान नियमित नहुनु ।
- सरकारी दर अनुसारको भाडादर नभएको ।
- सेवाग्राही यात्रुहरुलाई टिकटको व्यवस्था नभएको ।

**सिलीचोङ गाउँपालिका क्षेत्रका यातायात सवारी व्यवसाय क्षेत्रका सवल पक्षहरुः**

- यातायात व्यसायीको बोली बचन अर्थात यात्रुलाई गर्ने व्यवहार सन्तोषजनक पाईयो ।
- सवारी साधन बोलाएको स्थानमा पुगिदिने गरेको ।
- विरामी तथा दःखमा भावानात्मक सहयोग गर्ने गरेको ।

**हाम्रा सुझावहरुः**

- सवारी साधन जाँच तथा कागाजपत्र चुस्त राख्न ध्यान दिन अभिप्रेरित गर्ने ।
- स्थानीय उत्पादन बढाई बजारीकरणमा ध्यान दिई ढुवानी गर्न सवारी साधनको प्रयोग गर्ने ।
- सवारी नियम अनुसार व्यवसाय सञ्चालन गर्न अनुरोध, अनुगमन र नियमन गर्ने ।
- सिट क्षमता अनुसारमात्र ओसार पसर गर्ने ।
- सडक व्यवस्थित गर्न पहल गर्ने ।
- सरकारी दरलाई मात्र नहेरी व्यवासायको अवस्थाअनुसार व्यवहारिक भाडादर कायम गरि कार्यन्वय गर्ने ।
- व्यसायीहरुले भावानात्मक रुपमा सेवा भावमा रहेर काम गर्ने ।
- सेवाग्राहीरुले सुरक्षित यात्राको लागि नियमानुसार व्यवहार गर्नुपर्ने ।
- सडकको स्तरोन्नतीका लागि आवश्यक र सक्ने सहयोग स्थानीय जनताले गर्ने । ताकी सरकारको मुख ताक्ने प्रवृत्ति हटाउने ।

**अन्त्यमा,**

सिलीचोङ गाउँपालिका क्षेत्रमा भएका सवारी साधन नियमनको लागि गरिएको प्रयासमा कार्यदलले पाएको जिम्मेवारीमा कटिवद्ध रही प्रतिवेदन तयार गरिएको छ। सवल पक्षसंगै दुर्वल पक्षका विषयमा पनि मिहिम रुपले केलाएर सकेको प्रयास गरिएको छ। स्थानीय जनता र व्यवसायीहरुबीचको अन्तर विषयबस्तुहरु माथि हामीले केलाउने प्रयास गरिएको छ। जसलो गाउँपालिकाको समृद्धिमा दिर्घकालीन् सहयोग पुग्ने विश्वास लिईएको छ। कार्यदलले १५ दिनसम्म गरेको अथक प्रयासको नतिजाको रुपमा यो प्रतिवेदन लिईएको छ। तथापी यो प्रतिवेदनमा उल्लेख भएका विषयहरु तथ्यगत रुपमा निर्माण गरिएको छ। भाडादरका विषयलाई केन्द्र बनाएर गरेको यस कार्यमा सहयोग गर्नुहुने गाउँपालिका, कार्यदलका सदस्यहरु, यातायात व्यवसायी, सेवाग्राहीहरु लगायत सम्पुर्णम धन्यवाद ज्ञापन गरिन्छ।

मिति: २०८० माघ ७,
आइतबार

....................
संयोगान्त कुलुङ
संयोजक